# सिरानचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक,गोरखा
गण्डकी प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.न.

मिति:२०८१/०७/०८

विद्यालयको लेखापरीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धि सूचना ।

स्थानीय सरकार संचालन एन २०७४को दफा ११(२) को ज मा विद्यालयको समग्र व्यवस्थापन आय व्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन सम्बन्धि कार्य समेत स्थानीय तहको रहेको हुदा सिरानचोक गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाइ केन्द्रहरुको आ.ब.२०८०/०८१ को सम्पुर्ण आय व्ययको अन्तिम लेखा परीक्षण कार्य गर्नका लागि योग्य लेखापरीक्षकहरु नियुक्ति गर्नु पर्ने भएको हुँदा नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा दर्ता भएका इच्छुक लेखा परीक्षण ब्यवसायीहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र तपशिल बमोजिमका कागजात सहित सिरानचोक गाउँपालिकाको आर्थिक प्रशासन शाखामा सुचि दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

१.फर्म वा व्यक्तीको नाम सम्पर्क नं र हालको ठेगना स्पष्ट उल्लेख गरिएको सक्कल आशयपत्र ।

२.लेखा व्यवसायी फर्म दर्ता प्रमाणपत्र (२०८१/०८२ को नविकरण सहित )को प्रतिलिपि ।

३.पेशागत प्रमाणपत्रको प्रतिलिपि ।

४.नविकरण सहित नेपाल चार्टर एकाउन्टेट संस्थाको सदस्यता प्रमाणपत्रको प्रतिलिपि ।

५.मु.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नं प्रमाणपत्रको प्रतिलिपि ।

६.आ.ब.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाणको प्रतिलिपि ।

७.लेखापरीक्षण सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको र आफ्नो पेशा वा व्यवसाय सम्बन्धि कसुरमा कालोसुचिमा नपरेको तथा कुनै सजाय नपाएको भनी लिखितरुपमा गरेको स्व- घोषणा सम्बन्धि पत्र ।

८. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**पुनश्चः आशय पत्र बुझाउन स्वयं लेखा व्यवसायी फर्मवाला उपस्थित हुनुपर्नेछ ।**

Ghimire
२०८१/७/८
प्रकाश घिमिरे
प्रमुख प्रशासकिय अधिकृत